# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २५ अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- राज्यमा कुनै पनि दिन मतदाता विशेष गहन पुनरीक्षण (एसआईआर) सम्बन्धी अधिसूचना जारी हुनसक्नेछ।
- देशको विभिन्न भागहरु सरह दार्जीलिङ्ग पहाड़ लगायत तराई-डुवर्सका विभिन्न भागहरुमा पनि बिहारी समुदायका मानिसहरुले चार दिवसीय आस्था महापर्व छठ आज नहाय-खाय को साथमा शुरू गरे।
- प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणीबाट "मन की बात" कार्यक्रममा देश विदेशका मानिसहरूसित आफ्नो विचारहरू साझा गर्नुहुनेछ।
- आगामी केही दिनमा उत्तर बंगालका केही भागहरुमा भारी वर्षा हुन सक्ने अनुमान मौसम विभागले व्यक्त गरेको छ।

## पश्चिम बंगाल एसआईआर

पश्चिम बंगालमा कुनै पनि दिन मतदाता विशेष गहन पुनरीक्षण (एसआईआर) सम्बन्धी अधिसूचना जारी हुनसक्ने सम्भावना छ। यसबीच, भारतीय निर्वाचन आयोग (ईसीआई) ले मतदान केन्द्र तहका अधिकृतहरू (बीएलओ) पुनरीक्षण प्रक्रियाको क्रममा कुनै पनि राजनीतिक दल वा राज्य प्रशासनको दबाउ वा प्रभावबाट स्वतन्त्र रहून् भन्ने सुनिश्चित गर्न कडा कदमहरू चाल्ने निर्णय गरेको छ। नयाँ दिल्लीमा बिहिबार सम्पन्न दुईदिने बैठकमा सबै राज्यका मुख्य निर्वाचन अधिकृतहरू (सीईओ) सँगको छलफलपछि आयोगले स्पष्ट गरेको छ कि एसआईआर पहिला ती राज्यहरूमा सुरु गरिनेछ, जहाँ आगामी वर्ष विधानसभा चुनाउ प्रस्तावित छन्, जसमा पश्चिम बंगाल पनि समावेश छ। पश्चिम बंगालका सीईओ कार्यालयका स्रोतहरूका अनुसार, आयोगलाई यो जानकारी छ कि बीएलओमाथि अनावश्यक दबाउ पर्नसक्छ। त्यसैले, उनीहरूको स्वतन्त्रता र सुरक्षा कायम राख्न विभिन्न तहमा सुरक्षात्मक व्यवस्था गरिँदैछ। स्रोतका भनाइ अनुसार, पहिलो कदमका रूपमा बीएलओमाथि पूर्ण प्रशासनिक नियन्त्रण सुनिश्चित गरिनेछ, जसले गर्दा एसआईआर अवधिभर उनीहरूको स्थानान्तरण हुन नपाओस्। साथै आयोगले निर्देशन दिएको छ कि पुनरीक्षण प्रक्रिया पूरा नहुँदासम्म बीएलओलाई कुनै अन्य प्रशासनिक जिम्मेवारीमा नलगाइयोस्। अधिकारिहरूले जनाए अनुसार, सीईओ कार्यालयलाई बीएलओलाई सुरक्षा र समर्थनको भरोसा दिलाउन र कुनै धम्की वा हस्तक्षेप भएमा कडा कारबाही गर्न निर्देशन दिइएको छ। बीएलओहरूलाई सुझाउ दिइएको छ कि दबाउका स्थितिहरूमा संयम अपनाउन र प्रत्यक्ष टकरावबाट बच्न, तर कुनै पनि घटना तुरुन्त सीईओ कार्यालयलाई जानकारी गराउन, जसले आवश्यक कारबाहीका लागि नयाँ दिल्लीस्थित ईसीआई मुख्यालयसँग सम्पर्क गर्नेछ।

## छठ पुजा

देशको विभिन्न भागहरु सरह दार्जीलिङ्ग पहाड़ लगायत तराई-डुवर्सका विभिन्न भागहरुमा पनि बिहारी समुदायका मानिसहरुले चार दिवसीय आस्था महापर्व छठ आज नहाय-खाय को साथमा शुरू गरे। छठ पर्व सूर्य देवलाई समर्पित छ, जो प्रकृतिको पूजा अनि स्वच्छताको प्रतीक हो। पवित्र व्रतको संकल्प लिएर, पहिलो दिन व्रतीहरुले पवित्र स्नान गर्दछन् अनि अर्घ्य दिए पश्चात अरवा चामल अनि लौका को सब्जीको सादा भोजन गर्दछन्। पर्व को दोस्रो दिन खरना

को परम्परा निर्वाह गरिन्छ। खरना प्रसाद ग्रहण गरे पछि व्रत लिनेहरुले 36 घंटाको निर्जला व्रत शुरू गर्दछन्। आगामी सोमवार विभिन्न नदी एवं जलाशयहरुको किनार स्थित छठ घाटहरुमा अस्ताउँदै गरेको घामलाई अर्घ्य दिइनेछ। आगामी मंगलवार व्रत लिनेहरुले उदाउँदै गरेको घामलाई अर्घ्य दिनेछन्, जस पछि चार दिवसीय छठ पर्व को समापन हुनेछ।

**प्रधानमन्त्री मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणीबाट प्रसारण हुने "मन की बात" कार्यक्रममा देश विदेशका मानिसहरूसित आफ्ना विचारहरू साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको 127 औं संस्करण हुनेछ। यो कार्यक्रम सम्पूर्ण आकाशवाणी र दूरदर्शन नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र NewsOnAIR मोबाइल एपमा प्रसारण गरिनेछ। यो आकाशवाणी समाचार, डीडी न्यूज़, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण गरिनेछ। आकाशवाणी हिन्दी प्रसारण पछि तुरन्तै क्षेत्रीय भाषाहरूमा पनि कार्यक्रम प्रसारण गर्नेछ।

**डा. सुकान्त मजुमदार**

दक्षिण 24 परगना जिल्लाको काकद्वीपमा माँ कालीको मुर्ति भत्काएर त्यसलाई प्रिजन भ्यानमा राखिएको घटनालाई लिएर तृणमूल कंग्रेस सरकारमाथि पूर्व भाजपा प्रदेश अध्यक्ष एवं केन्द्रिय राज्यमन्त्री डा. सुकान्त मजुमदारले आक्रामण गर्नु भएको छ। मालदामा पत्रकारहरूसित बातचित गर्दै डा.मजुमदारले भन्नु भयो, पछिल्ला केही वर्षभित्रमा पश्चिम बंगालका केही भागहरूमा देवी-देवताहरूको मुर्तिमाथि हमला गर्ने घटनाहरू बढ्दै गएको छ। तृणमूल सरकार सत्तामा आएपछि यस प्रकारका घटनाहरूमा तीव्रता आएका छन्। यो अत्यन्त दुर्भाग्यपूर्ण छ र यसको समाधान त्यसबेला मात्र सम्भव हुनेछ जतिबेला यो सरकार जानेछ। उहाँले अझ भन्नु भयो, तृणमूल एउटा यस्तो पार्टी हो जो जिहादी मानसिकता भएका मानिसहरूले सरकार चलाइरहेका छन्। बंगालमा धार्मिक असहिष्णुता र सांस्कृतिक अपमानलाई प्रोत्साहित गरिँदैछ। भाजपा नेताले आरोप लगाउनु भयो, राज्यमा तृणमूल सरकारको शासनमा हिन्दू आस्थामाथि निरन्तर हमला भइरहेको छ भने प्रशासन मूकदर्शक भएर बसेको छ।

**भाजपा नेत्री अग्निमित्रा पाल**

'जय श्री राम' भन्नु के अब यस राज्यमा अपराध मानिँदैछ? के राती आठ बजेपछि महिलाहरू बाहिर जानु अपराध हो?" भाजपा नेत्री अग्निमित्रा पालले गम्भीर प्रश्नहरू उठान गर्नु भएको छ। आज जारी एक बयानमा उहाँले लेख्नु भ्भाएको छ, "के हिन्दू परम्परा अनुसार हाम्रो चाड़ अनि धार्मिक अनुष्ठान मनाउनु अब अपराध भएको छ? के कुनै विशेष समुदायलाई खुशी राख्नको लागि यस राज्यका हिन्दू समाजबाट उनीहरूको विश्वास अनि सांस्कृतिक पहिचानलाई स्वतन्त्र रूपमा व्यक्त गर्ने अधिकारलाई खोसिँदैछ?" भाजपा नेत्री अग्निमित्रा पालले आरोप लगाउनु भयो, राजारहाटमा 'आमरा कजन' क्लबद्वारा आयोजित काली पूजाको विसर्जन शोभायात्रामा पुलिसले संगठनका सदस्यहरूलाई 'जय श्री राम' -को नारा लगाउँदा कुट्यो। उहाँले प्रश्न तेर्साउनु भयो, के यो न्याय हो? के पुलिस अब कुनै विशेष समुदायको सेवा गर्ने औजार मात्र बनिसकेको छ? के यस राज्यका हिन्दूहरूलाई उनीहरूको धर्मलाई स्वतन्त्र रूपमा पालन गर्ने संवैधानिक अधिकारदेखि वञ्चित गरिँदैछ?

**हर घर जल-भ्रष्टाचार**

हर घर जल योजनामा 3 करोडको भ्रष्टचार भएको ईण्डियन गोर्खा जनशक्ति फ्रण्टले लगाएको छ। ईण्डियन गोर्खा जनशक्ति फ्रण्टको तर्फबाट चिम्नी देउराली ग्राम पञ्चायत कार्यालय नजिकैको चैते पानी क्षेत्रमा सञ्चालन भएको

हर घर जल योजनामा लगभग 3 करोडको भ्रष्टाचार भएको आरोप लगाइएका छ। चिमनी देवराली ग्राम पञ्चायतका प्रधान बिमल तामाङ र इन्डियन गोर्खा जनशक्ति फ्रन्टका केन्द्रीय सदस्य तथा खरसाङका प्रवक्ता आर.के. शर्माले संयुक्त रूपमा भ्रष्टाचार भएको-आरोप-लगाएका-छन्।

**मगरजोङ**

तिहारको अवसरमा मगरजोङ भस्मे प्राथमिक पाठशालालाई केही असामाजिक तत्वहरूले दुरुपयोग गरेको घटनाले स्थानीयवासी आक्रोशित बनेका छन्। पाठशाला परिसरमा मदिरा सेवन गरी तोडफोड गरिएको साथै विभिन्न सामग्रीहरू जलाइदिएको पुष्टि भएको छ। प्राप्त जानकारी अनुसार विद्यालय भवनभित्र मदिराका बोतलहरू फ्याँकिएका र केही फुटाइएका तथा सिलिङका भागहरू समेत निकालेर जलाइएका छ। यसैबीच, हाल सो पाठशाला खेल मैदानमा स्काइ लार्क युथ क्लबको आयोजनामा सञ्चालन भइरहेको खुल्ला फुटबल प्रतियोगिताको क्रममा खेलाडीहरू बस्ने पेभेलियन र फुटबल स्ट्यान्ड समेत क्षतिग्रस्त पारिएको छ। आयोजक समितिले आधुनिक युगमा समेत यस्ता असामाजिक गतिविधिहरू हुनु अत्यन्त निन्दनीय र लज्जास्पद भएको टिप्पणी गर्दै स्थानीय प्रशासनसँग छानबीन गरी दोषीहरू विरुद्ध आवश्यक कारबाही गर्न आग्रह गरेका छन्। स्थानीय समाजसेवी र अभिभावकहरूले पनि विद्यालयलाई सार्वजनिक सम्पत्ति भएकाले यसको संरक्षणमा सबैले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्ने बताएका-छन्।

**पुष्प प्रदर्शनी**

रंगमुक चियाबारीको लोवर बीच गाउँ निवासी प्रणय राई दार्जिलिङमा आयोजित पुष्प प्रदर्शनीमा विजेता बनेका छन्। दार्जिलिङमा ठकुरी नर्सरीको आयोजनामा सम्पन्न पुष्प प्रदर्शनीमा रंगमुक चियाबारीको लोवर बीच गाउँमा अवस्थित अर्किड घरका मालिक प्रणय राई विजेता बनेका छन्। यस अवसरमा पुरस्कार पूर्व सिक्किमको पाल्योङस्थित आईसीआर कलाई बरदानद्वारा प्रदान गरिएको थियो। यस पुष्प प्रदर्शनीमा प्रणय राई पमपम र मल्टी भ्याराइटिसमा प्रथम पुरस्कार जित्न सफल बनेका थिए। यस्तै प्रकारले उनले जेन्ट भ्याराईटिसमा दोस्रो र मल्टी हेडमा पनि दोस्रो पुरस्कार जित्न सफल भएका छन्। यसको साथमा प्रणय राईले दार्जिलिङमा आयोजित पुष्प प्रदर्शनीको सबै वर्गमा भाग लिएकोले च्याम्पियन अफ् च्याम्पियन ट्रफी पनि जित्न सफल भएका छन्। दार्जिलिङमा आयोजित पुष्प प्रदर्शनीमा पुरस्कार जितेपछि फूल खेतीमा रहेका प्रणय राईले लगातार 2022 देखि 2024 सम्म दार्जिलिङको चौरास्तामा पुष्प प्रदर्शनीको लागि अनुमति दिइएको अनि फूलहरुको बिक्री पनि भएको तर यस पाली चौरास्तामा पुष्प प्रदर्शनीको लागि अनुमति नदिइको अनि भानु भवनमा अनुमति दिइएको कारण फूलहरु कम मात्रामा बिक्री भएको बताउनुभयो।

**मौसम**

पश्चिम बंगालको राजधानी कोलकाता सहित दक्षिण बंगालका जिल्लाहरुमा आगामी मंगलवारसम्म भारी वर्षा हुने संभावना मौसम विभागले व्यक्त गरेको छ। मौसम विभाग अनुसार दक्षिण–पूर्व बंगालको खाड़ीमा बनेको निम्न दबाव क्षेत्र पश्चिम तथा उत्तर–पश्चिम दिशा तर्फ बढ़ीरहेको छ। भोलि सम्ममा यो उच्च दबाव मा परिवर्तित हुने अनुमान छ जबकि निम्नचाप क्षेत्र आगामी सोमवार बिहान सम्ममा चक्रवात मा परिवर्तित हुन सक्नेछ। अलीपुर स्थित क्षेत्रीय मौसम विज्ञान केंद्र को तर्फबाट विशेष बुलेटिन अनुसार पूर्व मेदिनीपुर अनि दक्षिण 24 परगना जिल्लाहरुमा आगामी सोमवार सम्म वर्षा शुरू हुनेछ। आगामी मंगलवारदेखि कोलकाता, दक्षिण एवं उत्तर 24 परगना, पूर्व मेदिनीपुर, हावड़ा, हुगली अनि झाड़ग्राम जिल्लाहरुमा भारी वर्षा तथा 30 देखि 40 किलोमीटर प्रति घंटाको तिव्रताले हावा चल्ने अनुमान छ।